अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १० कार्यपालिका स्वीकृत मितिः२०८२/०७/२१

प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

## दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८२

प्रस्तावना :

दुधको उत्पादन र उत्पादकत्व बढाई दुध उत्पादनमा संलग्न कृषकहरुलाई व्यावसायिक बनाउने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) दिइएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त, नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम “दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८२ रहनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)**“कार्यालय”** भन्नाले यस बर्दिवास नगरपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ख)**“कार्यपालिका”** भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) **“सहकारी संस्था”**भन्नाले दुध को कारोवार गर्ने सहकारी संस्था सम्झनु पर्दछ।

(घ) **“शाखा”** भन्नाले बर्दिवास नगरपालिकाको पशु पंन्छी विकास शाखालाई सम्झनु पर्दछ।

(ङ)**“कार्यक्रम ”** भन्नाले दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्दछ।

(छ) **“ समिति ”** भन्नाले दफा (५) को समिति लाई सम्झनु पर्दछ।

## पीरच्छेद -२

## मापदण्ड

**३. मापदण्डका आधारहरु :** यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालनको मापदण्ड देहायअनुसार हुनेछ।

१) दैनिक दुधको सङ्कलन कम्तीमा १०० लिटर हुनुपर्नेछ ।

२) बार्षिक कम्तीमा २००दिन सम्म दुध सङ्कलनको कारोवार गरेको हुनु पर्ने ।

३) संस्थागत रुपमा दुध विक्री गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

४) बार्षिक साधारण सभा र लेखा परीक्षण गरेको हुनुपर्नेछ।

५) स्थायी लेखा नम्वर प्राप्त गरेका हुनुपर्नेछ।

६) कर चुक्ता गरेको हुनुपर्नेछ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**४. प्रस्ताव आहवान :**

१) कार्यालयले कम्तिमा १५(पन्ध्र) दिनको समयावधि दिई कृषक समूह तथा सहकारी संस्थाहरुसँग प्रस्ताव आह्वान गर्नेछ।

२) पहिलो पटक प्रयाप्त आवेदन नपरेमा ७ (सात) दिनको म्याद दिई दोश्रो पटक सूचना आह्वान गर्न सकिनेछ ।

**५.प्रस्ताव मूल्याङ्कन,तथा छनौट**

१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ :

क) नगर प्रमुख संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

ग)आर्थिक विकास समिति प्रमुख सदस्य

घ) सम्बन्धित शाखा प्रमुख वा प्रतिनिधि सदस्य सचिव

मूल्याङ्कन समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

२) मूल्याङ्कन समितिले मूल्याङ्कन विधि र कार्यविधि आफै तयार गर्नेछ ।

३) मूल्याङ्कन गर्दा अधिकतम सदस्य भएको समूह वा सहकारी संस्थालाई प्राथमिकता दिनुपर्नेछ । अधिकतम सदस्यमा पनि महिला, दलिद,गरिव र विपन्न वर्गको सङ्ख्या बढी भएको लाई पहिलो प्राथमिकता दिईनेछ ।

४) मूल्याङ्कन समितिले प्रस्ताव प्रस्ताव मूल्याङ्कन गरी लाभग्राही संस्था समेत छनौट गर्नुपर्दछ ।

५)छनौट गर्नु पूर्व स्थलगत अनुगमन समेत गर्नु पर्नेछ ।

<u>६.सम्झौता :</u> छनौट भएको सहकारी संस्था वा कृषक समूहसँग कार्यालयले सम्झौता गर्नुपर्ने छ ।

<u>७.भुक्तानी :</u>

१) अनुदान रकम सम्वन्धित सहकारी संस्था वा कृषक समूहको बैङ्क खातामा पठाइनेछ । सहकारी संस्था वा समूहले उत्पादनको आधारमा दुध उपलव्ध गर्ने सदस्य कृषकको वैंक खातामा उक्त रकम जम्मा गर्नुपर्नेछ ।

२) शाखाले अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्नुपर्नेछ ।

३) सदस्य कृषकहरुको खातामा जम्मा गरेको अनुदान रकमको विवरण नगरपालिकामा पेश गर्नु पर्ने छ ।

## परिच्छेद -४

## विविध

<u>८ अनुगमन :</u>

१) नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित अनुगमन गर्नुपर्नेछ ।

२) अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

<u>९. अनुदान रकम</u>

१) अनुदान रकम वार्षिक कार्यक्रमको आधारमा बढीमा प्रति लिटर रु ५।-(पाँच) सम्म उपलव्ध गराईनेछ ।

<u>१०. प्रगति विवरण तथा प्रभावकारिता</u>

१) सहकारी संस्था वा कृषक समूहले मासिक रुपमा प्रगति विवरण शाखामा पेश गर्नुपर्नेछ ।

२) कार्यक्रमको प्रभावकारिताको आधारमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**११.दण्ड सजाय :** अनुदान रकमको दुरुपयोग गरेको वा गलत विवरण पेश गरेमा प्रचलित कानून अनुसार दण्ड सजाय गरिनेछ ।

**१२.संशोधन :** यो कार्यविधि कार्यान्वयन सम्वन्धमा बाधा अड्चन कार्यपालिकाले फुकाउने छ ।

**१३.बचाउ :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत